# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल चैत २२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | "प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने । |
| ३. | "विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८" जारी गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| ४. | "प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६" को दफा ११ को उपदफा (४) बमोजिम पुनरावेदन समितिको अध्यक्षमा श्री हरि प्रसाद अधिकारी र सदस्यमा श्री कृष्ण थापालाई मनोनयन गर्ने। |
| ५. | "विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६" को दफा ८ को उपदफा १ को खण्ड (ग) बमोजिम श्री बाल कुमारी उप्रेती, श्री ऋषिराम ऊपाध्याय पोखरेल र श्री तीर्थराज पराजुलीको समिति गठन गर्ने। |
| ६. | "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश, २०७८" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| ७. | मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समितिमा छलफल गरी पेश भएको "सडक क्षेत्रको निजी जग्गामा पर्ने घर, टहरा वा भवनको क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७८" स्वीकृत गर्ने। |
| ८. | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| ९. | यातायात व्यवस्था कार्यालय खुर्कोट, हेटौंडा र भरतपुरको संलग्न सङ्गठन संरचना तथा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १०. | यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र एकान्तकुना, ठूलोभर्‍याङ र चावहिलमा सिर्जित समस्या समाधानका लागि संलग्न तालिका बमोजिमको समस्या समाधान सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने। |
| ११. | कृषि विकास अधिकृत १० जना, पशु सेवा अधिकृत २० र पशु स्वास्थ्य प्राविधिक ३३ जना गरी जम्मा ६३ जना प्राविधिकहरूलाई कामकाजमा खटाउन अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल चैत १७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) को मध्यावधि समीक्षा र समायोजन ढाँचा" स्वीकृत गर्ने। |
| २. | विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन नीति, २०७८" स्वीकृत गर्ने। |
| ३. | "प्रदेश युवा परिषद् ऐन,२०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७८" जारी गर्न प्रदेश प्रमुख समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| ४. | कार्यक्रम कार्यान्वयनको लागि अख्तियारीसहित बजेट खैरहनी नगरपालिका, चितवनलाई हस्तान्तरण गर्न स्वीकृति दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल चैत ९ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सभाको नवौं अधिवेशन मिति २०७८ चैत्र ९ गते बुधवार राती १२:०० बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत भएका आयोजनाहरू मध्ये नाम, ठेगानामा त्रुटि हुन गई कार्यान्वयनमा समस्या भएका आयोजनाहरू सम्बन्धित क्षेत्रका प्रदेश सभा सदस्यको सिफारिसमा सम्बन्धित मन्त्रालयले संशोधन मिलान गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने। |
| ३. | प्रदेश आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गर्ने। |
| ४. | "प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८" तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ५. | बागमती प्रदेशमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि सम्बत् २०७९ सालको सार्वजनिक पर्व बिदा (सङ्घीय सरकारले निर्धारण गरेको बिदाका अतिरिक्त) घोषणा गर्ने । |
| ६. | "सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनौट तथा सञ्चालन) कार्यविधि, २०७८" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल चैत २ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | “बागमती प्रदेशमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि सम्वत् २०७९ सालको सार्वजनिक पर्व बिदाहरू” विस्तृत अध्ययन गरी पुनः पेश गर्ने। |
| २. | झोलुङ्गे पुल रणनीति, २०७८ स्वीकृत गर्ने। |
| ३. | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (शिक्षातर्फ सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा १३ बमोजिम आयोजना स्वीकृत तथा संशोधन गरी सम्बन्धित जिल्ला समन्वय अधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई रु. १ करोड ८० लाख मात्र रकमान्तर गरी अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| ४. | "प्रदेश विद्युत् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ५. | मालपोत कार्यालय र नापी कार्यालयहरूलाई जम्मा तीन करोड सात लाख रुपैयाँ मात्र प्रचलित कानून बमोजिम अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।